# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) राप्ती उपत्यका (देउखुरी), नेपाल असार २५ गते, २०८२ साल (अतिरिक्ताङ्क ३

## भाग १

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको ऐन नं. ०२

## आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकाले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "**प्रदेश विनियोजन ऐन, २०८२**" रहेको छ।

(२) यो ऐन संवत् २०८२ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०८२/०८३ को लागि अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका लागि सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च र महल ५ मा उल्लिखित पुँजीगत खर्चसमेत गरी महल ६ मा उल्लिखित जम्मा रकम रु.३८,८९,९४,७२,०००/- (अक्षरेपीः अठतिस अर्ब उनानब्बे करोड चौरानब्बे लाख बहत्तर हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:** यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिनेछ।

४. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम

आर्थिक वर्ष २०८२/०८३ को लागि खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको मितिदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम सम्बन्धित बजेट उपशीर्षकको त्रैमासिक विभाजन समेत हेरी निकासा दिनेछ।

(३) एक मन्त्रालय अन्तर्गत विनियोजित बजेट अर्को मन्त्रालय अन्तर्गतको निकायमार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा त्यस्तो वार्षिक कार्यक्रम र बजेट विनियोजन भएको निकायको सचिवले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई सम्बन्धित निकायको सचिवलाई त्यस्तो कार्यक्रम र बजेट विनियोजनको खर्च गर्ने अख्तियारी पहिलो त्रैमासिक अवधिभित्र प्रदान गरी सक्नुपर्नेछ र सोको जानकारी महालेखा परीक्षकको कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयलाई दिनु पर्नेछ।

(४) कुनै निकायलाई एकभन्दा बढी निकायमार्फत खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०८२ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँट गरी सोको जानकारी महालेखा परीक्षकको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयलाई दिनु पर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम बाँडफाँट हुन नसकेमा त्यस्तो विनियोजन भएको निकायको लेखा उत्तरदायी अधिकृतले सोको कारण खुलाई संवत् २०८२ साल पुष मसान्तभित्र बाँडफाँटको लागि अनुरोध गरेमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता र

औचित्य हेरी संवत् २०८२ साल माघ मसान्तभित्र बाँडफाँट गरिदिन सक्नेछ। सो समयावधिभित्र बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि नभएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

(६) उपदफा (४) र (५) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(७) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा विस्तृत रूपमा क्रियाकलाप उल्लेख गरी समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत भएको मानिनेछ।

तर प्रशासनिक खर्च बाहेक प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा विस्तृत रूपमा क्रियाकलाप उल्लेख नभएको कार्यक्रमको हकमा विनियोजन भएको निकायले विस्तृत क्रियाकलाप खुलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई त्यस्ता विस्तृत क्रियाकलाप प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा संवत् २०८२ साल पुष मसान्तभित्र प्रविष्टि गरिसक्नु पर्नेछ। सो समयावधिभित्र स्वीकृत गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि नभएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

५. **<u>रकमान्तर, स्रोतान्तर र कार्यक्रम संशोधन सम्बन्धी व्यवस्थाः</u>** (१) दफा ३ बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्केतमा बचत हुने र कुनै अनुदान सङ्केतमा अपुग हुने देखिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान सङ्केतबाट अपुग हुने अनुदान सङ्केतमा रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा जम्मा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केतबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्केतमा रकमान्तर गर्न, निकासा र खर्च लेख्न तथा चालु एवम् पुँजीगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा स्रोतान्तर गर्न सकिनेछ।

तर

(क) एउटै अनुदान सङ्केतभित्रका बजेट उपशीर्षकमा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च शीर्षकतर्फ विनियोजित रकम चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ग) बहुवर्षीय आयोजना वा कार्यक्रममा विनियोजन भएको रकम अन्य बहुवर्षीय आयोजना वा कार्यक्रममा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(३) स्थानीय तहका लागि अनुदान सङ्केत ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्केतमा रकमान्तर हुने छैन।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्केत ६०२-अर्थ विविधमा विनियोजन भएको रकम जुन अनुदान सङ्केतमा निकासा र खर्च हुने हो सोही अनुदान सङ्केतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

(५) दफा ४ को उपदफा (७) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ।

तर स्वीकृत आयोजना वा कार्यक्रम अन्तर्गतको एउटै खर्च शीर्षकभित्रको क्रियाकलाप संशोधन गर्नुपर्ने भएमा स्रोतमा परिवर्तन नहुने गरी आवश्यकता र औचित्यको आधारमा संवत् २०८२ साल पुस महिनाभित्र सम्बन्धित लेखा उत्तरदायी अधिकृतले संशोधन गर्न सक्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी सशर्त, समपूरक र विशेष अनुदान बाहेक सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछः-

(क) एकै बजेट उपशीर्षक भित्रको भइरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थप-घट गर्ने गरी कार्यक्रम संशोधन,

(ख) खण्ड (क) बमोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नुपर्ने भएमा स्रोत परिवर्तन नहुने गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ को दफा २० को उपदफा (२) को अधीनमा रही उही बजेट उपशीर्षकभित्र एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा थप हुने खर्च शीर्षकको सुरु विनियोजनको पन्ध्र प्रतिशतसम्मको रकमान्तर,

(ग) खण्ड (ख) बमोजिम रकमान्तर गर्दा सम्बन्धित अनुदान सङ्केतभित्रको बजेट उपशीर्षकमा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व

सम्बन्धी ऐन, २०८१ को दफा २० को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमका अनिवार्य दायित्वका खर्च शीर्षकमा विनियोजित रकम सोही अनुदान सङ्केतको बजेट उपशीर्षक तथा खर्च शीर्षकमा एक निकायबाट अर्को निकायमा रकमान्तर,

(घ) एकभन्दा बढी निकायमा रहेको एकै बजेट उपशीर्षक अन्तर्गतको एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नुपर्ने भएमा रकम घटाउने कार्यालयसँग सम्बन्धित बजेट प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा रोक्का राखी क्रियाकलाप परिवर्तन नगरी र कुल परिमाणात्मक लक्ष्य नघट्ने गरी कार्यक्रम संशोधन।

(७) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित लेखा उत्तरदायी अधिकृतले सुरु विनियोजन नभएको खर्च सङ्केतमा तथा नयाँ क्रियाकलापमा दफा ४ को उपदफा (३), (४) र (७) को अवस्थामा बाहेक आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिसम्म रकमान्तर गर्न पाइने छैन।

(८) उपदफा (६) र (७) बमोजिम संशोधन भएको जानकारी महालेखा परीक्षकको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयलाई दिनु पर्नेछ।

(९) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रमको उद्देश्य, मर्म र विषयगत क्षेत्र परिवर्तन नहुने गरी नाम, ठेगाना जस्ता विषयमा सामान्य संशोधनका लागि दोस्रो

त्रैमासिक अवधिभित्र सम्बन्धित मन्त्रालयबाट निर्णय भई आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले माघ मसान्तभित्र त्यस्तो संशोधन गर्न सक्नेछ।

(१०) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम वा आयोजनाको रकम एक वा एकभन्दा बढी निकायमा दोहोरो पर्ने गरी विनियोजन भएको भए बढी रकम विनियोजन भएको एउटा मात्र कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नु पर्नेछ। यसरी दोहोरो पर्ने गरी एकभन्दा बढी निकायमा रकम विनियोजन भएकोमा त्यस्ता कार्यक्रम वा आयोजना समान रकमका भए आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकाय तोकि दिनेछ।

(११) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको मन्त्रालयले कुनै आयोजना वा कार्यक्रम थप गर्न, हटाउन वा परिमार्जन गर्न आवश्यक देखेमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा मन्त्रिपरिषद्ले संवत् २०८२ असोज मसान्तभित्र कुल बजेटको सीमाभित्र रही त्यस्ता आयोजना वा कार्यक्रम थप गर्न, हटाउन वा परिमार्जन गरी कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ।

६. **अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थाः** (१) अनुदान सङ्केत ८०१ को रकम स्थानीय तहले कानुन बमोजिम खर्च गर्न पाउने गरी वित्त हस्तान्तरणको रूपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले आर्थिक वर्ष २०८२/०८३

को भाद्र, मंसिर, फागुन र जेठ महिना गरी चार समान किस्तामा स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकममध्ये सशर्त, समपूरक र विशेष अनुदान रकमको एक तिहाइ रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले भाद्र मसान्तभित्र र बाँकी रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयको निर्देशनमा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले कार्य प्रगति र खर्चको विवरणका आधारमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्नेछ र सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई दिनु पर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद् वा अन्य कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरूप राजस्व सङ्कलन हुन नसकेमा वा नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटको रकम परिवर्तन भएमा वित्तीय समानीकरण अनुदानको सीमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सूत्र बमोजिम र अन्य अनुदानको सीमा प्रदेश सरकारले पुनः निर्धारण गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिमको अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा कार्तिक, माघ र बैशाख महिनाको सात गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको भदौ सात गतेभित्र पेस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम रोक्का राख्न सकिनेछ।

(७) स्थानीय तहले उपदफा (३) बमोजिम प्राप्त गर्ने अनुदान जुन विषय वा क्षेत्रको आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रममा मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधि, कार्यान्वयन प्रक्रिया, मासिक नगद प्रवाहको विवरण, सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान र खर्च अनुमान सहितको कार्ययोजना साउन मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा पेस गर्नु पर्नेछ।

(८) उपदफा (३) बमोजिमको अनुदान रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएको रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमार्फत सोही आर्थिक वर्षको असार मसान्तभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ। कुनै मनासिब कारणले उक्त अवधिभित्र रकम दाखिला गर्न नसकिएमा आगामी आर्थिक वर्षको साउन मसान्तभित्र दाखिला गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम अनुदानको रकम दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले सम्बन्धित स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्नेछ। सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई दिनु पर्नेछ।

(१०) प्रदेश आर्थिक ऐनले निर्धारण गरे बमोजिम स्थानीय तहले सङ्कलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गरेको राजस्व रकम प्रचलित कानुन बमोजिम बाँडफाँट गरी प्रदेश सरकारको हिस्सा प्रदेश सञ्चित कोषमा दाखिला नगरेमा प्रदेश सरकारबाट सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान, सशर्त

अनुदान, समपूरक अनुदान, विशेष अनुदान र राजस्व बाँडफाँटको रकम रोक्का राख्न सकिनेछ।

७. **आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था:** (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन गर्ने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई पुष मसान्तभित्र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई त्यस्तो स्थानीय तहले कार्यान्वयन गर्ने गरी वित्त हस्तान्तरण गर्नु पर्नेछ।

(२) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा पुष मसान्तसम्ममा प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिई सम्बन्धित स्थानीय तहले त्यस्तो आयोजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निर्णयको जानकारी महालेखा परीक्षकको कार्यालय, सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालय र सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम स्थानीय तहमार्फत कार्यान्वयन गर्ने गरी वित्त हस्तान्तरण भएका कार्यक्रममा विनियोजित रकमको एक तिहाइ रकम हस्तान्तरण गरिनेछ। बाँकी रकम कार्य प्रगति र खर्च विवरणका आधारमा दफा ६ को उपदफा (३) बमोजिम हस्तान्तरण हुनेछ।

(५) उपदफा (२) बमोजिम स्थानीय तहको आयोजना प्रदेश सरकारको सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सो निकायको नाममा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी रकम निकासा दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको खातामा जम्मा भएको रकममध्ये आर्थिक वर्षको अन्तसम्म खर्च नभई बाँकी रहेको रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

(७) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन गर्ने गरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सङ्घीय विनियोजन ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्न सकिनेछ।

(८) उपदफा (७) बमोजिमको जानकारी महालेखा परीक्षकको कार्यालय, नेपाल सरकारको सम्बन्धित मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयलाई दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम नेपाल सरकारको कुनै निकायबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णयको जानकारी प्राप्त भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेश निकायको रूपमा कार्यालय कोड दिई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्न लगाई आयोजना वा कार्यक्रममा विनियोजित बजेट प्रदेशको एकल खाता कोष

प्रणालीमार्फत प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले रकम निकासा दिनु पर्नेछ।

(१०) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि स्रोत सहमति प्राप्त भएको आर्थिक वर्षभित्र खरिद प्रक्रिया अगाडि नबढाएमा त्यस्ता स्रोत सहमति स्वतः निष्क्रिय हुनेछ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि खरिद प्रक्रिया भन्नाले सम्बन्धित आयोजना वा कार्यक्रमको खरिद सम्बन्धी सार्वजनिक सूचना प्रकाशन भएको बुझिनेछ।

(११) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गत समावेश वैदेशिक स्रोततर्फ नगद अनुदान र नगद ऋणको स्रोत फुकुवा गर्दा महालेखा नियन्त्रक कार्यालयको पत्रका आधारमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा आफ्नो मन्त्रालय अन्तर्गतको आयोजना वा कार्यक्रमको लागि विनियोजन भएको बजेटमध्ये निकायगत रुपमा फुकुवा हुने रकमको सीमा तोकी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।सोको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमार्फत् फुकुवा भएको बजेट निकासा दिने व्यवस्था मिलाउनु पर्नेछ।

(१२) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गत समावेश वैदेशिक स्रोततर्फ सोधभर्ना हुने अनुदान र सोधभर्ना हुने ऋणको स्रोत फुकुवा हुँदा महालेखा नियन्त्रक कार्यालयको पत्रका आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारका लागि सङ्घीय मन्त्रालयगत बजेट सूचना प्रणालीमा विनियोजन भएको त्रैमासिक विभाजन हेरी सोको आधारमा फुकुवा भएको प्रतिशत निर्धारण गरी प्रदेश सरकारको प्रदेश मन्त्रालयगत बजेट

सूचना प्रणालीमा भएको सम्बन्धित आयोजना वा कार्यक्रमको फुकुवा हुने प्रतिशत तोकी सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमार्फत् फुकुवा भएको बजेट निकासाको व्यवस्था मिलाउनु पर्नेछ।

८. **लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम एक तहको सरकारको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा खर्च गर्ने निकायले रकम विनियोजन भएको तहको खर्च इकाइको रूपमा प्रचलित कानुनले तोके बमोजिमको लेखा राखी, आर्थिक विवरण प्रमाणित गराई आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणित आर्थिक विवरण र लेखापरीक्षण प्रतिवेदन सुरु विनियोजन भएको तह र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा पठाउनु पर्नेछ।

(३) नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना वा कार्यक्रम प्रदेशले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरणमार्फत प्राप्त भएमा त्यस्तो आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निकायले बजेटको स्रोत र भुक्तानी विधि सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा तोकिएको समयभित्र तयार गरी प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमार्फत नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सोधभर्ना माग गर्ने निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

९. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले सङ्कलन गरेको राजस्व र यस ऐन तथा प्रचलित कानुन बमोजिम प्राप्त गरेको राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण बापतको रकम कानुन बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्दा र कानुन बनाउँदा देहायका विषय पालना गर्नु पर्नेछः-

(क) प्रदेश सरकारको आर्थिक र वित्तीय कानुन तथा नीति अनुशरण गर्ने,

(ख) आफ्नो सबै आय सञ्चित कोष वा विभाज्य कोषमा दाखिला गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्ने,

(घ) पुँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(ङ) कुनै आयोजना वा कार्यक्रममा विनियोजन भएको रकम खण्डीकरण गरी अन्य आयोजना वा कार्यक्रममा खर्च गर्न नपाइने,

(च) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ तथा अन्य प्रचलित कानुनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागु गर्ने,

(छ) सशर्त, समपूरक र विशेष अनुदानका आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भई सकेपछि बचत रकमबाट पुनः ठेक्का लगाउन नपाइने,

(ज) सशर्त, समपूरक र विशेष अनुदानका आयोजना वा कार्यक्रमको लागत अनुमान तयार गर्दा प्रदेशबाट हस्तान्तरण भएको अनुदान रकममा नबढाई ठेक्का बन्दोबस्त गर्नु पर्नेछ र सोही

लागत अनुमान अनुसार भएको ठेक्का सम्झौता रकमको अनुपातमा मात्र प्रदेशबाट वित्तीय हस्तान्तरण गरिने।

(३) प्रचलित कानुन बमोजिम प्रदेश सरकार अन्तर्गत स्थापना वा गठन भएका बोर्ड, समिति, प्रतिष्ठान, आयोग, परिषद् वा यस्तै प्रकृतिका अन्य संस्थाले प्रदेश सरकारबाट प्राप्त जुनसुकै प्रकृतिको अनुदान प्रदेश सरकारको कार्यसञ्चालन कोष (विविध) खाताबाट खर्च गर्दै आएको भए आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ र सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी त्यस्तो खातामा बाँकी रहेको रकम असार मसान्तभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको रकम दाखिला नगरेमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले त्यस्तो खातामा रहेको रकम रोक्का राख्न सक्नेछ र आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम बराबर आगामी आर्थिक वर्षमा उपलब्ध गराउने जुनसुकै रकमबाट कट्टा गर्नेछ।

(५) यस ऐन बमोजिम बजेट विनियोजन भई खर्च गर्ने निकायले कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भई सकेपछि बचत हुने रकमबाट पुनः ठेक्का लगाउन पाइने छैन।

(६) स्वीकृत बजेट र कार्यक्रममा समावेश भएको बाहेक थप आर्थिक दायित्व सिर्जना हुने विषयमा अनिवार्य रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्वसहमति लिनु पर्नेछ।

(७) यस ऐनबाट विनियोजित रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्न पाइने छैन। त्यस्तो कार्य गर्ने जिम्मेवार पदाधिकारीलाई

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०८१ को दफा ५६ को उपदफा (५) बमोजिम सम्बन्धित अधिकारीले कारवाही गर्न सक्नेछ।

१०. **कानुन बमोजिम विनियोजन भएको मानिने:** (१) यस ऐनमा व्यवस्था भएको विषयमा यसै ऐन बमोजिम र अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रममा तात्विक फरक नपर्ने गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि तथा विनियोजनमा भएको त्रुटि आर्थिक मामिला तथा योजना मन्त्रालयले सच्याउन सक्नेछ।

(३) यस ऐन बमोजिम कुनै सेवा र कार्यको लागि रकम विनियोजन गर्दा कुनै प्रक्रिया पूरा नभएको आधारमा मात्र त्यसरी विनियोजन भएको रकम कानुन विपरीत विनियोजन भएको मानिने छैन।

(४) कुनै आयोजना वा कार्यक्रमका लागि नेपाल सरकार वा स्थानीय तहबाट आर्थिक वर्षमा रकम प्राप्त भएमा यसै ऐन बमोजिम विनियोजन भएको सरह मानी कार्यान्वयन गरिनेछ।

११. **निर्देशिका, कार्यविधि, मापदण्ड वा दिग्दर्शन बनाउन सक्ने:** (१) बजेट विनियोजनलाई प्रभावकारी बनाउन तथा यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड वा दिग्दर्शन बनाउन सक्नेछ।

(२) स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा सचिवालयले पुष मसान्तभित्र निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ। त्यस्तो निर्देशिका

वा कार्यविधि स्वीकृत भएको सात दिनभित्र सम्बन्धित मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ।

तर थप आर्थिक दायित्व वा दीर्घकालीन प्रकृतिको दायित्व सिर्जना हुने कार्यविधि बनाउँदा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश सरकारले बनाएको निर्देशिका, कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(४) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक मार्गदर्शन बनाई लागु गर्न गराउन सक्नेछ।

१२. **आवश्यक व्यवस्था गर्न सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

# अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

**प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **अनुदान सङ्ख्या** | **शीर्षकको नाम** | **चालु** | **पुँजीगत** | **जम्मा** |
| १. | २०२ | प्रदेश सभा | ५९,२८ | ० | ५९,२८ |
| २. | २१० | प्रदेश लोक सेवा आयोग | ३६,०० | ० | ३६,०० |
| ३. | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय-फैसला वा आदेश बमोजिम तिर्नुपर्ने रकम | १०,०० | ० | १०,०० |
| | | **जम्मा** | **१,०५,२८** | **०** | **१,०५,२८** |

## अनुसूची-२
(दफा २ र ३ सँग सम्बन्धित)

**प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम**

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु | पुँजीगत | जम्मा |
| १. | २०२ | प्रदेश सभा | २२,६०,७२ | ३,००,०० | २५,६०,७२ |
| २. | २१० | प्रदेश लोक सेवा आयोग | ९,०१,५० | ६२,५० | ९,६४,०० |
| ३. | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४७,२१,०० | २,९७,०० | ५०,१८,०० |
| ४. | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १४,४०,०० | २,००,०० | १६,४०,०० |
| ५. | ३०७ | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय | ७२,९८,११ | १,१७,४४,०० | १,९०,४२,११ |
| ६. | ३०८ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २८,००,०० | २,४०,६०,०० | २,६८,६०,०० |
| ७. | ३१२ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | १,३८,९०,५० | ११,५७,०० | १,५०,४७,५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | ३१४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २०,०९,९० | १६,६०,०० | ३६,६९,९६ |
| ९. | ३२९ | वन तथा वातावरण मन्त्रालय | १,४८,८१,६७ | १,०५,९२,८३ | २,५४,७४,५० |
| १०. | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३१,३८,३० | ९,६१,०६,७० | ९,९२,४५,०० |
| ११. | ३४३ | युवा तथा खेलकुद मन्त्रालय | १४,५४,०० | २२,७०,५० | ३७,२४,५० |
| १२. | ३४७ | शहरी विकास तथा खानेपानी मन्त्रालय | २६,२०,०० | ५,३५,८३,८० | ५,६२,०३,८० |
| १३. | ३५० | सामाजिक विकास मन्त्रालय | २,३५,४८,७४ | १,२६,२६,६३ | ३,६१,७५,३७ |
| १४. | ३७० | स्वास्थ्य मन्त्रालय | ३,३८,१३,०८ | १,५७,१६,६५ | ४,९५,२९,७३ |
| १५. | ३९१ | प्रदेश योजना आयोग | २,६५,०० | ४०,०० | ३,०५,०० |
| १६. | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय-अर्थ विविध | ५०,००,०० | ४२,९७,०४ | ९२,९७,०४ |
| १७. | ८०१ | स्थानीय तह | ३,४२,३७,४९ | ० | ३,४२,३७,४९ |
| | | **जम्मा** | **१५,४२,८०,०७** | **२३,४७,१४,६५** | **३८,८९,९४,७२** |

प्रमाणीकरण मितिः २०८२।०३।२५

आज्ञाले,
लिलाधर सुवेदी
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित।
मूल्य रु. १५।-